आज मिति २०८२।०६।०९ गते दिउँसो १:३० बजे यस गोरखा नगरपालिकाका नगर प्रमुख श्री कृष्ण वहादुर राना मगरज्यूको अध्यक्षतामा वसेको नगर कार्यपालिकाको वैठकमा देहाय बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रही निम्न अनुसारका निर्णयहरु गरियो ।

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | कृष्ण बहादुर राना मगर | |
| २ | नगर उप प्रमुख | मसली माया थोकर | |
| ३ | वडा नं. १ वडा अध्यक्ष | हिक्मत बहादुर कुँबर | |
| ४ | वडा नं. २ वडा अध्यक्ष | रहम तुल्ला मियाँ | |
| ५ | वडा नं. ३ वडा अध्यक्ष | चुल बहादुर कुँबर | |
| ६ | वडा नं. ४ वडा अध्यक्ष | लाल प्रसाद भट्टराई | |
| ७ | वडा नं. ५ वडा अध्यक्ष | बिष्णु बहादुर मगर | |
| ८ | वडा नं. ६ वडा अध्यक्ष | राजेन्द्र कुमार जोशी दिलिप | |
| ९ | वडा नं. ७ वडा अध्यक्ष | विष्णु प्रसाद श्रेष्ठ | |
| १० | वडा नं. ८ वडा अध्यक्ष | ऋषि राम खत्री | |
| ११ | वडा नं. ९ वडा अध्यक्ष | कुल ब. कुँबर | |
| १२ | वडा नं. १० वडा अध्यक्ष | प्रदिप कुंबर | |
| १३ | वडा नं. ११ वडा अध्यक्ष | राम ब. खड्का | |
| १४ | वडा नं. १२ वडा अध्यक्ष | डिल ब. थापा (मगर) | |
| १५ | वडा नं. १३ वडा अध्यक्ष | मित्रा परियार | |
| १६ | वडा नं. १४ वडा अध्यक्ष | गोपाल वहादुर थापा | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री रन्जिला श्रेष्ठ | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री सावित्रा थापा पुलामी | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २० | नगर कार्यपालिका सदस्य | श्री अप्सरा रेग्मी (नेपाली) | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री पम्फा गान्धारी | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री सीता मग्राती (अछामी) | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री पवित्रा वि.क. | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री राम वहादुर रस्तेल | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत | श्री एकदेव खनाल | |
| | अन्य उपस्थिति | | |
| १ | प्रशिक्षक | श्री [illegible] | |
| २ | का.स | श्री सुरज थापा | |
| ३ | | | |

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मितिः २०८२/०६/०९ गते

मिति २०८२/०६/०९ गतेको कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरु

**प्रस्ताव नं. १ : आ.व. २०८२/८३ को योजना संचालन सम्बन्धमा ।**

**निर्णय नं. १ :** गोरखा नगरपालिकाको आ.व. २०८२/८३ को नगरसभाबाट पारित योजनाहरु कार्यान्वयनको क्रममा हाल मुलुकमा मिति २०८२ भाद्र २३ र २४ गते जेन जी आन्दोलनको कारण भएको राजनैतिक परिवर्तन, चुनावको घोषणा तथा राजश्व प्राप्ति र अनुदान प्राप्तिको बिषयहरुमा यकिन नभईसकेको हुँदा अर्को निर्णय नहुन्जेल सम्मको लागि कार्यक्रमगत र बितरणगत प्रकृतिको योजनाहरुलाई स्थगन गर्ने र पुँजीगत प्रकृतिको योजनाहरुको मात्र कार्यान्वयन गर्ने निर्णय गरियो । साथै नगरपालिकाको क्रमागत तर्फको योजनाहरुमा पनि पुँजीगत प्रकृतिको योजना मात्र संचालन गर्ने निर्णय गरियो ।त्यसैगरी सशर्त अनुदान तर्फको पुँजीगत प्रकृतिको कार्यहरु पनि अनुदान प्राप्तिको सुनिश्चितता पश्चात मात्र कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २ : चाडवाड लक्षित बाटो सरसफाई सम्बन्धमा ।**

**निर्णय नं. २ :** गोरखा नगरपालिका भित्रको वडाहरुमा दशैं लक्षित बाटो सरसफाई गर्ने सन्दर्भमा हाल मनसुनी मौसमी प्रक्रिया अझै सक्रिय रहेको र अझै पानी पर्ने सम्भावना रहेको देखिएकोले वडा कार्यालय मार्फत आवश्यक रहेको स्थानमा मात्र सफा गर्ने र बाँकी पानी पर्न रोकिए पश्चात बाटो सरसफाई आवश्यकता अनुसार गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : कार्यालय सहायक/सहयोगी लगायत अन्य बिज्ञापन बमोजिमको पदपूर्ति सम्बन्धमा ।**

**निर्णय नं ३ :** गोरखा नगरपालिकामा आ.व. २०८२/८३ मा वडा कार्यालयमा सेवा सहजीकरण गर्ने उद्देश्यले कार्यालय सहायक र सहयोगी पदमा पदपूर्ति गर्न लागिएकोमा मुलुकको विषम परिस्थितिले गर्दा हाललाई सो प्रक्रियालाई स्थगन गर्ने र तिहार पछि अवस्था अनुसार पदपूर्ति गर्ने निर्णय गरियो । साथै संघीय कार्यक्रम अन्तरगत खोलिएका बिज्ञापन र मेडिकल अधिकृतको बिज्ञापन अनुसारको पदपूर्ति प्रक्रिया बमोजिम अगाडी बढाउने निर्णय गरियो।

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मितिः २०८२/०६/०९ गते

**प्रस्ताव नं. ४ : फोहरमैला व्यवस्थापनको लागि बैकल्पिक स्थानको चयन सम्बन्धमा ।**

**निर्णय नं ४ :** गोरखा नगरपालिकाको फोहरमैला व्यवस्थापनको लागि हाल वडा नं. ७ को वेलडाँडा स्थित खोल्सीमा कार्य भईरहेकोमा उक्त स्थानमा जग्गा व्यवस्थापनको लागि नापजाँच गराई आवश्यक जग्गा उपलब्ध हुने खण्डमा त्यस स्थानमा निरन्तरता दिने र नपुग भएको खण्डमा अन्यत्र स्थानमा दीर्घकालिन व्यवस्थापनको लागि जग्गा खोजी गर्ने प्रक्रिया अगाडी बढाउने तथा दीर्घकालिन व्यवस्थापन नगर्ने भए उक्त स्थानमा फोहरमैला व्यवस्थापनको लागि मंग्सिर २५ सम्म मात्र फोहरमैला व्यवस्थापन गर्न दिने स्थानीय बासीको अल्टिमेटम प्राप्त भएकोले गर्दा बैकल्पिक रुपमा वडा नं. ९ को यस अघि फोहरमैला व्यवस्थापन भईरहेको स्थानमा तत्काल फोहरमैलाको व्यवस्थापन गर्न आवश्यक प्रक्रिया मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : राम बहादुर कोइरालाको अवकाश रकम भूक्तानी सम्बन्धमा ।**

**निर्णय नं. ५ :** गोरखा नगरपालिकामा कार्यरत बरिष्ठ प्रशासन सहायक पाँचौ तर्फको कर्मचारी राम बहादुर कोइरालाले मिति २०८२ श्रावण २२ देखि लागु हुने गरी आफ्नो पदबाट राजीनामा दिएकोले निज नगरपालिकामा स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ को व्यवस्था अनुरुप नगरपालिकाको स्थायी कर्मचारी भएकोले सो ऐन र नियमवालीले तोकेको बमोजिमको उपदान रकम यकिन गरी कर्मचारी कल्याणकोष तर्फको रकमबाट निकासा दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : लोकसेवा आयोग मार्फत प्रशासकीय अधिकृत पदमा पदपूर्तिको लागि माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ६ :** गण्डकी प्रदेश लोकसेवा आयोगले प्राविधिक तथा अप्राविधिक पद तर्फका अधिकृत सातौं स्तरका कर्मचारीको पदपूर्तिको लागि माग आकृति फारम भारी यही असोज २४ गते भित्र पठाउन सुचना आह्वान गरे वमोजिम यस गोरखा नगरपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तोकेको दरबन्दी संरचना वमोजिम प्रशासन तर्फ अधिकृत ६ तहको कर्मचारीको २ वटा पद रिक्त रहेको र सो पदमा हालसम्म पदपूर्ति नभएको तथा उक्त पदहरु हाल गण्डकी प्रदेश मार्फत प्रशासकीय अधिकृत ७ तह बमोजिम हुने व्यवस्था भएकोमा उक्त रिक्त पदहरुमा अधिकृत सातौ तहको कायम गरी गण्डकी प्रदेश लोकसेवा आयोग मार्फत खुल्ला लिखित परीक्षाको माध्यमबाट छनौट भएका

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुङ्गी डाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

उम्मेदवारहरुबाट पदपूर्ति हुने शर्तमा हाललाई एक पदको लागि माग आकृति फारम भरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. ७ : नि.मा.बि. शिक्षक अनुदान तर्फ तलव निकासा सम्बन्धमा ।

निर्णय नं ७ : गोरखा नगरपालिका भित्र हाल नि.मा.वि. अनुदान तर्फ ३ जना शिक्षक कार्यरत रहेको र यस बर्ष उक्त पदहरुको तलव संघीय सरकारबाट व्यवस्थापन भई निकासा नभएको तर निकासा हुने आश्वासन बमोजिम उक्त पदहरुमा कार्यरत शिक्षकहरुलाई निरन्तरता दिइएकोमा हाल बिकसित राजनैतिक घटनाक्रम र चुनावको घोषणा पश्चात उक्त रकम प्राप्त हुने या नहुने यकिन नभएकोले यकिन भंई आउने खण्डमा सोधभर्ना मिलाउने गरी निरन्तरता दिने र प्राप्त नहुने खण्डमा कार्यरत शिक्षकहरुलाई २०८२ कार्तिक मसान्तसम्मको तलव भत्ता नगरपालिकाको करार सेवा तर्फको स्रोतबाट भुक्तानी गरी सेवा अन्त्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ८ : साझेदारीमा कृषि उत्पादन बिक्री केन्द्र राख्ने सम्बन्धमा ।

निर्णय नं. ८ : गोरखा नगरपालिकामा गण्डकी प्रदेश सरकारसँगको साझेदारीमा कृषि उत्पादन बिक्री केन्द्र राख्ने कार्यको लागि नगरपालिकाको बहु उद्देश्यीय भवनमा आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं. ९ : बहुउद्देश्यीय भवनको व्यवस्थापन बारे।

निर्णय नं ९ : गोरखा नगरपालिकाको वडा नं ६ र ७ मा अवस्थित बहु उद्देश्यीय भवनमा रहेको पसलहरुमा बिजुलीको व्यवस्थापन उपयुक्त नभएको र कतिपय शटरहरुमा पानी चुहिने समस्या रहेकोले आवश्यक निरीक्षण गरी सबमिटर सहित बिजुलीको व्यवस्थापन गरिदिने र छाना मर्मत गर्न निरीक्षण गरी कार्य गर्ने निर्णय गरियो । साथै नगरपालिकाबाट पटके रुपमा भाडामा लगाउँदा भाडा असुल गर्न र व्यवस्थापन गर्न असहज भएकोले ठेक्का प्रक्रिया मार्फत व्यवस्थापन गर्न पहल गर्ने निर्णय गरियो ।

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डुम्री डाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

निर्णय प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मिति: २०८२/०६/०९ गते

प्रस्ताव नं. ९ : बिबिध ।

निर्णय नं ९ : बिबिध ।

क. घ बर्गको निर्माण इजाजत प्रदान सम्बन्धमा : यस गोरखा नगरपालिकामा विभिन्न निर्माण फर्महरुले रितपुर्वक घ बर्गको निर्माण इजाजत प्राप्त गरीपाउँ भनी निवेदन दिएकोले आवश्यक कागजात परिक्षण गरी प्रक्रिया पुगेको हकमा निम्न निर्माण फर्महरुलाई घ बर्गको निर्माण इजाजत प्रदान गर्ने निर्णय गरियो ।

१. एस टु कन्स्ट्रक्सन, वडा नं ६, गोरखा नगरपालिका।
२. सु.बि. कन्ट्रक्सन एण्ड सप्लायर्स, वडा नं. ६, गोरखा नगरपालिका।
३. क्षेत्री कन्स्ट्रक्सन, वडा नं. ७, गोरखा नगरपालिका ।
४. महाशिला निर्माण सेवा, वडा नं. ४ , गोरखा नगरपालिका ।
५. मिरूप कन्स्ट्रक्सन, वडा नं. ३ गोरखा नगरपालिका ।
६. एस एस पि कन्स्ट्रक्सन प्रा.लि. वडा नं. ६, गोरखा नगरपालिका ।
७. बिष्णु कन्स्ट्रक्सन, वडा नं. ८ , गोरखा नगरपालिका ।

ख. गोरु अनुदानको निरन्तरता सम्बन्धमा : गोरखा नगरपालिकामा गत आ.व. २०८१/८२ मा गोरु पालक कृषकहरुलाई प्रोत्साहन अनुदान वितरण गर्दा अपुग भएकोले गत बर्ष नै निवेदन दिएका र प्रक्रिया पुगेका आवेदक कृषकहरुलाई यस बर्ष विनियोजित रकमबाट अनुदान रकम भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

ग. अनुदान दोहोरो परेको बिषयमा: यस नगरपालिकामा विभिन्न वडाहरुमा जिल्ला स्थित प्रदेश कृषि तथा पशु कार्यालयमा अनुदान कार्यक्रमको लागि एकै लाभग्राही पटक पटक सिफारिश माग्न वडा कार्यालयमा आउने क्रम बढेकोले उक्त कार्यालयहरुमा छलफल गरी दोहोरो नपारी कार्य गर्ने बिषयमा व्यवस्था मिलाउने निर्णय गरियो ।

घ. नवप्रवर्तन साझेदारी कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्बन्धमा: आ.व. २०८२/८३ मा गण्डकी प्रदेश सरकार मार्फत सुचना आह्वान भएको समयमा यस बर्ष गोरखा नगरपालिकाको तर्फबाट होम स्टे बिकास कार्यक्रमको लागि प्रस्ताव तयार गरी पेश गर्ने निर्णय गरियो ।

ङ. लागत साझेदारी र फोकल व्यक्ति सम्बन्धमा : आ.व. २०८२/८३ मा गण्डकी प्रदेश सरकार मार्फत सुचना आह्वान भएको समयमा यस बर्ष गोरखा नगरपालिकाको तर्फबाट पेश गरिने होम स्टे बिकास कार्यक्रमको स्वीकृत रकममा नगरपालिकाले व्यहोर्नु पर्ने नियमानुसारको लागत

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोरखा, दुधी डाँडा, गण्डकी प्रदेश, नेपाल

निर्णय प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका

नगर कार्यपालिकाको बैठक संख्या :

मितिः २०८२/०६/०९ गते

सहभागिता व्यहोर्ने र यस कार्यक्रमबारे थप सहजीकरण र कार्यान्वयनको लागि सामाजिक विकास अधिकृत श्री विजय भक्त उपाध्यायलाई फोकल व्यक्ति तोक्ने निर्णय गरियो ।

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुंगी डाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

निर्णय प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत